जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०६ पृष्ठः ४ | २०८३ बैशाख १० बिहीबार (Thursday 23 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रहरीको भ्यानले ठक्कर दिँदा दुई वर्षीय नाबालक घाइते, थप उपचारका लागि धरान रेफर




**मणिलाल विश्वकर्मा**

लहान, ९ वैशाख। सिराहाको मिर्चैयामा प्रहरी भ्यानको ठक्करले घाइते भएका करिब दुई वर्षीय नाबालकलाई थप उपचारका लागि धरान रेफर गरिएको छ। मिर्चैया नगरपालिका–६, मटियर्वामा बुधबार बिहान पुगेको इलाका प्रहरी कार्यालय मिर्चैयाको भ्यानले ठक्कर दिँदा स्थानीय रविन मरिकका छोरा करिब दुई वर्षीय आयुष मरिक घाइते भएका हुन्।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार ढाड, टाउको र हातमा सामान्य चोट लागेका नाबालकको स्थानीय मनकामना मिड इस्टर्न अस्पतालमा उपचार गरी थप उपचार गर्न धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ। 'अवस्था सामान्य नै छ, तर परिवारको सान्त्वनाका लागि धरान पठाइएको छ,' उनले भने।

घरपरिवारले हेलाहोचो गरेको र खान–लाउन नदिएको भन्ने स्थानीय एक वृद्धाले गुनासो गरेपछि त्यही बुझ्न गइरहेका वेला बाटोछेउमा खेल्दै गरेका बालक अचानक ठोक्किन पुगेको मिर्चैया प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले बताए। 'भ्यानचालकले ब्रेक लगाएपछि सामान्य रूपमा ठोक्किएको मात्र हो,' उनले भने।

स्थानीयले भने नाबालकलाई ठक्कर दिएपछि भ्यान रोकेर उत्रिएका प्रहरीले उपचारका लागि भन्दै अभिभावकलाई समेत जानकारी नगराई लिएर गएको भन्दै केहीबेर अस्पतालमा हो–हल्ला गरेका थिए। नाबालकको उपचारमा सहजीकरणका लागि पुगेका प्रहरी अधिकृतले भवितव्य घटना भएकाले नाबालकको उपचारलाई उच्च प्राथमिकता दिएर उद्धार गरी अस्पताल ल्याएपछि अभिभावकलाई खबर गरिएकाले त्यसलाई अन्यथा लिन नहुने भन्दै सम्झाइबुझाई गरेका थिए।

## हावाहुरी प्रभावित बस्तीको घर नगरले बनाउने



**मणिलाल विश्वकर्मा**

लहान, ९ वैशाख। सिराहाको लहान नगरपालिका– २१ कालाबञ्जर गाउँमा पाँच दिनअघि शनिबार साँझ आएको हावाहुरी प्रभावित दलित बस्तीको घर नगरपालिकाले बनाइदिने भएको छ। हावाहुरीले दलित बस्तीमा कतिपयको घरको छानो उडाउनुका साथै बस्नै नसक्ने भएपछि नागरिकको सुरक्षित आवासका लागि नगरपालिकाले घर बनाइदिन लागेको हो। ह्याबिट्याट फर ह्युम्यानिटीसँगको साझेदारीमा बस्तीमा २१ वटा नयाँ घर र फुसको छाना उडेका सातवटा घरमा जस्ता हालिने नयाँ घर बनाउन लागिएको नगर प्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए।

नगर प्रमुख चौधरीले मंगलबार हावाहुरी प्रभावित बस्ती पुगेर निरीक्षण गर्दै केही साताभित्रै निर्माण सुरु गर्ने गरी प्राविधिकहरूले नापजाँच थालनी गरेको उनले बताए। 'नगरवासीको सुरक्षित बसोबास, शिक्षा, स्वास्थ्यलाई नगरले मुख्य प्राथमिकता दिएको छ,' उनले भने, 'वातावरणमैत्री पक्की घर बनेपछि सधैँका लागि ढुक्क हुन्छ।'

भूमिहीन तथा सुकुमवासी परिवारको दीर्घकालीन सुरक्षित बसोबास र व्यवस्थापनका लागि नगरपालिका क्षेत्रमा प्राथमिकता र आवश्यकताको आधारमा दोस्रो चरणमा पाँच सय घर निर्माण गर्ने योजना अघि बढाएको उनले बताए। 'सुकुमवासी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने

–बाँकी अन्तिम पेजमा

## विवादित भूमिका : सरकार बनेको २६ दिनमै गयो २ मन्त्रीको पद





काठमाडौं, ९ वैशाख। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार बनेको २६ दिनमै २ मन्त्री बाहिरिएका छन्। उनीहरूको कार्यशैली र व्यक्तिगत अपारदर्शी शैलीका कारण उनीहरू पदबाट हटेका हुन्। यसअघि आफ्नी श्रीमतीलाई बिमा बोर्डको सदस्यमा अनधिकृत रुपमा सहभागी गराउने भूमिका खलेको भन्दै विवादमा परेपछि श्रममन्त्री दीपककुमार साह १३ दिनमै बाहिरिएका थिए। उनलाई तत्कालै पदबाट फिर्ता बोलाउने निर्णय गर्दै रास्वपाले प्रधानमन्त्रीलाई सिफारिस गरेको थियो। त्यही सिफारिसका आधारमा साहलाई हटाइएको थियो।

अहिले सरकार बनेको २६ दिनमा गृहमन्त्री सुधन गुरुङले राजीनामा दिएका छन्। उनको सम्पत्तिमाथि प्रश्न उठेपछि उनले बुधबार राजीनामा दिएका छन्।

–बाँकी अन्तिम पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,
- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं
- बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## बालेन र रास्वपाको अग्निपरीक्षा

प्रधानमन्त्री बालेन्द्र शाहका निकट विश्वासपात्र मानिएका गृहमन्त्री सुधन गुरुङको सम्पत्ति विवरण र त्यससम्बन्धी उठेका प्रश्नहरूमा उनले दिएको स्पष्टीकरण अपेक्षाकृत चित्तबुभ्दो देखिएको छैन। गुरुङका सम्बन्धमा प्रधानमन्त्री शाह र सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा० ले गर्ने निर्णयले यस सरकारो भावी मार्गचित्रमात्र होइन रास्वपाको वास्तविक चरित्र पनि स्पष्ट पार्नेछ। भदौ २३ र २४ का घटनापछि एकाएक चर्चामा आएका सुधन गुरुङ अघिल्लो सरकारका पालादेखि नै प्रभावशाली व्यक्तिका रूपमा चिनिन थालेका थिए। त्यतिबेला उनले आफूलाई गैरसंवैधानिक शक्ति केन्द्रका रूपमा प्रस्तुत गरेको आरोप पनि लाग्दै आएको थियो। तिनै गुरुङ रास्वपाको नेतृत्वमा बनेको सरकारमा शक्तिशाली गृहमन्त्री नियुक्त भएका हुन्।

गृहमन्त्रीका रूपमा उनको कार्यशैली सुरुबाटै विवादरहित त थिएन तर सम्पत्ति विवरण सार्वजनिक भएपछि भने उनी गम्भीर प्रश्नहरूको घेरामा परेका छन्। उनले प्रस्तुत गरेको विवरण र त्यसपछि दिएको स्पष्टीकरणले उठेका सन्देह मेटाउनुको साटो भन् बढाएको देखिन्छ। कुनै पनि व्यक्तिको बैंक खातामा करोडौंको कारोबार देखिँदा पनि धेरै रकमको स्रोत र प्रयोजन स्पष्ट नहुनु छानबिनयोग्य विषय हो। त्यसमाथि गृहमन्त्रीजस्तो महत्त्वपूर्ण र शक्तिशाली पदमा रहेका व्यक्ति नै त्यसमा जोडिनु शङ्कामात्र होइन चिन्ताको विषय पनि हुन्छ। सन्देहास्पद आर्थिक गतिविधिमा संलग्न भएको आशंका लाग्ने व्यक्तिको नैतिक विश्वसनीयता कमजोर बन्छ। नैतिक रूपमा कमजोर व्यक्तिका हातमा पुगेको शासकीय शक्ति राष्ट्रकै निम्ति जोखिमपूर्ण हुन सक्छ।

गृहमन्त्री गुरुङले नेतृत्व गरेको गैरसरकारी सामाजिक संस्था 'हामी नेपाल' र उनको व्यक्तिगत खाताबीच भएको भनिएको रकम आवागमन पनि छानबिनयोग्य विषय हो। यस्तो प्रकृतिको कारोबारले संस्थागत नैतिकता र वित्तीय अनुशासनसम्बन्धी प्रश्न उठाउँछ। यस्ता विषयमा सक्षम निकायबाट स्पष्ट छानबिन हुनु आवश्यक छ। लघुबिमा कम्पनीको सेयर खरिदका सन्दर्भमा कर्जा लिएको दाबी गरिए पनि लगानीअघि नै तेस्रो पक्षबाट ठूलो रकम खातामा आएको देखिनुले थप प्रश्न उठाएको छ। यसका अतिरिक्त सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा निगरानीमा रहेका व्यक्तिसँग आर्थिक कारोबार देखिनु पनि स्वार्थको द्वन्द्वसम्बन्धी चिन्ताको विषय हो।

गैरसरकारी संस्था, निजी कम्पनी र व्यक्तिगत खाताबीच बारम्बार हुने वित्तीय कारोबार पारदर्शिताका दृष्टिले संवेदनशील विषय हुन्। यस्ता गतिविधि कानुनी र संस्थागत परीक्षणको दायराभित्र आउनु स्वाभाविक हो। गृहमन्त्री गुरुङले प्रस्तुत गरेका विवरणहरू विश्वसनीय छन् वा छैनन् भन्ने प्रश्न पनि यथोचित छानबिनबाट मात्र स्पष्ट हुन सक्छ। उनको आर्थिक गतिविधिसम्बन्धी विवरणसँगै संगत र सम्पर्कको प्रकृतिले पनि जनमानसमा सन्देह बढ्दै गएको देखिन्छ। विशेषगरी सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धानको दायरामा रहेका व्यक्तिहरूसँगको निकटताले थप प्रश्न उठाएको हो। आफूमाथि प्रश्न उठेपछि त्यसको स्पष्ट र विश्वसनीय जवाफ दिनुको साटो षड्यन्त्रको आरोप लगाएर प्रतिरक्षा गर्ने प्रवृत्ति नेपालको शासकीय संस्कृतिमा नयाँ होइन। गृहमन्त्री गुरुङको हालको अभिव्यक्तिमा पनि त्यही प्रवृत्तिको भल्को देखिएको छ।

गृहमन्त्री गुरुङको आर्थिक विवरण र त्यससम्बन्धी उठेका प्रश्नहरूको निष्पक्ष र विश्वसनीय छानबिनपछि मात्र वास्तविकता स्पष्ट हुन सक्छ। भ्रष्टाचारविरुद्ध कठोर हुने वाचा गरेर जनादेश हासिल गरेको रास्वपाको सरकार गुरुङसँगै मुछिएको छ कि स्वच्छ छ भन्ने प्रश्नको उत्तर पनि त्यही छानबिनले दिनेछ। महाभारतको अन्त्यतिर राजा जन्मेजयले गरेको सर्पमेध यज्ञको कथामा नागराज तक्षक आफ्नो ज्यान जोगाउन देवराज इन्द्रको सिंहासनमा आश्रय लिएको प्रसंग आउँछ। ऋषिहरूले तक्षकको नाममा आहुति दिएपछि तक्षकसँगै इन्द्रको सिंहासन पनि यज्ञकुण्डतर्फ तानिन थालेको थियो। अन्ततः आस्तिक मुनिले यज्ञ रोकाएपछि मात्र तक्षक र सिंहासन दुवै जोगिएका थिए। यस कथाबाट के पाठ सिक्ने हो त्यो अब प्रधानमन्त्री शाह र रास्वपाका नेताहरूकै जिम्मा !

# परराष्ट्र नीतिको बहस : ठूलाको प्रभुत्व, सानाको सकस



भानुप्रसाद आचार्य

बाह्य शक्तिको प्रभुत्वको विस्तार र आफ्नो सकसको भार बढाउने मूल आधार घरभगडा नै हो। विश्वको सेरोफेरो र नेपालको अनुभवले यस तथ्यलाई पुष्टि गर्छ। वर्तमान र विगत नियाल्दा राज्य, समाज, नागरिक र विचारको उत्थानमा आदर्श, सत्य, निष्ठा, लगन, पारदर्शिता एवं विश्वास अभिन्न तत्त्व देखिन्छन्। स्वार्थपरक, विवादास्पद, एकलकाँटे र रहस्यमयी चरित्रले सद्भाव एवं सहयोग वृद्धि हुन सक्दैन। चमत्कारी तवरले भएको प्रभुत्व विस्तारको दिगोपनमा स्वाभाविक भट्का आउँछ। भट्कारूपी चुनौतीलाई लोकरिभ्याइँ, वितरण र सुशासनको अस्त्रले आन्तरिक व्यवस्थापनलाई निःसन्देह केही सहज तुल्याउँछ तर बाह्य सम्बन्ध सुधारमा यी अस्त्र पर्याप्त हुँदैनन्।

विश्वको इतिहासलाई फर्केर हेर्दा कहिले पनि सूर्यास्त नहुने साम्राज्यको पतन, पहिलो तथा दोस्रो विश्वयुद्धको संहार, ुवीकृत विश्वको छिन्नभिन्नता र उदारवादमा ग्रहण लागेको परिस्थिति भोगिसकेको अवस्थामा वर्तमानमा आत्मकेन्द्रित राजनीति मौलाइरहेकाले अन्तर्राष्ट्रिय सम्बन्ध जटिल बनेको छ। कुनै खास शक्ति राष्ट्रको छत्रछायामा स्वतन्त्र तथा सन्तुलित सम्बन्ध विस्तार हुने अवस्था छैन। प्रभुत्वको पिल्साइमा हामीजस्ता साना राष्ट्रले खेप्नुपर्ने चुनौतीको पहाड थपिँदैछ। शक्तिको बल प्रयोगबाट निर्धो राष्ट्रले भोग्नुपरेको नियतिलाई हाल भइरहेको अमेरिका, इजरायल र इरानबीचको युद्धले पश्चिम एसियामात्र नभई समग्र विश्वमा परेको असरले स्पष्ट गरेको छ। विश्व अर्थतन्त्रमा लागत बढाई आर्थिक क्रियाकलापमा संकुचन र आर्थिक वृद्धिमा ह्रास ल्याएको छ।

रणनीतिक द्विपक्षीय वा बहुपक्षीय सन्धि, सम्भौता, समभदारी गरेर संग्रहित नरम वा कडा शक्तिलाई सुरक्षा कवचको रूपमा बोकेर सैन्य, सुरक्षा वा व्यापार अस्त्रका रूपमा प्रयोग गर्दा अन्तर्राष्ट्रिय सम्बन्धमा आएको दरारको प्रतिविम्ब पश्चिम एसियाको युद्धमा देखिएको छ। सन्धि सम्भौतामा आबद्ध विश्वका मध्यम शक्ति राष्ट्रहरू र नवोदित राष्ट्रहरूको भूमिका युद्धबाट पृथक रहेर साम्य पार्ने प्रयासमा रहेको देखिन्छ।

### उदारवादको चुनौती र नयाँ सहकार्य

उदारवादी विचार राख्ने द्विपक्षीय तथा बहुपक्षीय गठबन्धनमा संलग्न युरोपेली मुलुकहरूले अमेरिकाको आक्रामक नीतिमा ऐक्यबद्धता जनाएका छैनन्। प्रत्यक्ष प्रतिवाद पनि गरेका छैनन्। हालैमात्र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) पारिस्थितिकी प्रणाली, महत्त्वपूर्ण खनिज उत्खनन तथा प्रशोधन, ऊर्जा, रणनीतिक पूर्वाधार र उच्च औद्योगिक उत्पादनलाई समेटेर सुरु भएको विश्वसनीय साभेदारहरूबीच भएको समभदारीको प्रभाव साभेदार भइनसकेको नेपालजस्ता मुलुकलाई पनि पर्ने देखिन्छ। यस समभदारीले विगतका गठबन्धनको निरन्तरता, ध्रुवीकरणमा परिवर्तन र बदलिँदो विश्व परिवेशको आभास दिएको छ।

संयुक्त राष्ट्रसंघ, क्षेत्रीय संघसंगठन र बहुपक्षीय संघसंस्थाको कार्यक्षमतामाथि प्रश्न खडा भएका छन्। यस्तो स्थितिको प्रत्यक्ष मार नेपालजस्ता साना, असंलग्न, निर्धन र भूरणनीतिक अवस्थिति भएका मुलुकहरूलाई परेको छ। युक्रेन, भेनेजुएला, पश्चिम एसिया र दक्षिण एसियाका घटनाक्रमले विश्व व्यवस्थाको राजनीतिक–आर्थिक पाटोमा परिवर्तन आउने संकेतहरू देखापरेका छन्। शक्तिशाली राष्ट्र अमेरिका आत्मकेन्द्रित बनेर आक्रामकरूपमा प्रस्तुत भएको छ। सुरक्षा रणनीति, व्यापार महसुलको अस्त्र र प्रत्यक्ष युद्धमा समेत संलग्न भएको छ अमेरिका। उदार राजनीति तथा उदार अर्थव्यवस्थालाई तिरस्कार गर्दै रणनीतिक सुरक्षामा शक्ति राष्ट्र केन्द्रित हुँदै जाँदा यसको नकारात्मक असर विश्वव्यापीरूपमै परेको छ।

### नेपालको सकस

विगतमा भूमि विखण्डनको पीडा सहेर पनि स्वतन्त्र राष्ट्रको अस्तित्व कायम राख्न सफल भएको नेपालको अक्षुण्णताको निरन्तरतामा सदैव सजग रहनुपर्ने स्थिति छ। इतिहासका राणा शासन, शाह शासन, लोकतान्त्रिक शासन र संघीय शासनका अनेक रूप पार गरी स्वतन्त्रता र स्वाधीनता जोगाउँदै नेपाल २१औँ शताब्दीमा आइपुगेको हो। प्रभुत्वशाली ठानिएका, रजगजका साथ सत्ता सञ्चालन गरेका दल तथा नेतालाई हालैको निर्वाचनबाट पाखा लगाई सत्तामा आएको दल र नेतृत्वको परीक्षाको महत्त्वपूर्ण कसी परराष्ट्र सम्बन्धमा स्वतन्त्रता, स्वाधीनता र सन्तुलन हो।

हालसम्म द्विपक्षीय वा बहुपक्षीय सुरक्षा छाताभित्र प्रवेश नगरेको नेपालको रणनीतिक भौगोलिक अवस्थिति, दक्षिण एसियाली भूराजनीतिक प्रतिस्पर्धा र विश्व शान्तिमा पुर्‍याएको योगदानलाई दृष्टिगत गरी यस नीतिलाई निरन्तरता दिनु उपयुक्त हुनेछ। बहुपक्षीय वा द्विपक्षीय सुरक्षा गठबन्धनको समभदारीमा प्रवेश गर्नु राष्ट्रिय हितमा हुने देखिँदैन।

### कूटनीतिक दायित्व र राष्ट्रिय हित

अन्तर्राष्ट्रिय सम्बन्धको व्यवस्थापनको मूल दायित्व राज्यको प्रतिनिधिका रूपमा सरकारको हो। अन्य तत्त्व सहायकमात्र हुन्। विश्व व्यवस्थाले खोज्ने साभा मान्यता, समान व्यवहार र स्वतन्त्र राष्ट्रको हकको रक्षा गर्ने कामलाई पन्छाएर शक्ति राष्ट्रहरूले बलको आधारमा आफ्नो अनुकूलतामा हिँडाउन खोज्ने दबाबबाट मुक्त भई राष्ट्रिय हित र स्वाधीनताको रक्षा गर्ने कर्तव्य सरकारको हो। सरकारले आफ्नो कार्यसूचीमा स्पष्टरूपमा नसमेटेको अन्तर्राष्ट्रिय सम्बन्धबारे हालै सार्वजनिक गरेको १८ बुँदे राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्धमा अन्य दलको चुनावी वाचाको स्वामित्व र सहभागितालाई समेत महत्व दिएर समावेश गर्नु सकारात्मक पक्ष हो।

सत्तासीन दल राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रमा सन्तुलित र गतिशील परराष्ट्र नीति अवलम्बन गरी नेपाललाई स्वतन्त्र, तटस्थ र विश्वशान्तिमा आधारित असंलग्न राष्ट्रका रूपमा स्थापित गरिने नीति उल्लेख छ। सामान्य बुभाइमा यसले समसामयिक परिवर्तनलाई बुभाउने भए पनि परिवर्तनको रूपलाई कार्यान्वयनको कसीले निर्क्योल गर्नेछ। सैन्य गठजोडले शान्तिमा बाधा पुर्‍याउने कुरा स्वीकार गरी समदूरी समनिकटतासहित 'नेपाल प्रथम नेपाली प्रथम'को अवधारणा अघि सारेको छ। समग्रमा प्रस्तावित मस्यौदाले परराष्ट्र नीतिमा सकारात्मक बाटो लिएको छ। नीति कार्यान्वयनमा इमानदारी नै मूल प्रश्न हो।

आन्तरिक व्यवस्थापन चुनौतीपूर्ण भए पनि राष्ट्रिय हित, पारदर्शिता, समन्वय र लोकतान्त्रिक सहयात्राको बाटो पछ्याउँदा समाधान निकाल्न सकिन्छ। तर बाह्य सम्बन्धमा लहर, रहस्य र आक्रोशको मार्गले व्यवस्थापन कठिन, जटिल र जोखिमपूर्ण हुने हुँदा राष्ट्रमा संकट ल्याउन सक्छ। यस्तो संकट सरकारमा सीमित नरही राष्ट्रको स्वाधीनतामा समेत असर पुग्छ।

### अपेक्षा र यथार्थ

आन्तरिक व्यवस्थापनअन्तर्गतका सुशासन, भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाह र समृद्धिका मुद्दामा वाचापत्र र १०० बुँदे कार्यसूचीअनुरूप सरकारले काम गर्दै जाला भन्ने विश्वास गरौँ। तर, परराष्ट्र सम्बन्धमा विश्व व्यवस्था, क्षेत्रीय भूराजनीति र वर्तमान परिप्रेक्ष्यमा आगामी दिन कठिन र चुनौतीपूर्ण हुनेछन्। करिब दुई तिहाइ बहुमतको स्थिर सरकारले स्थिरताको शक्ति बाह्य सम्बन्धमा राष्ट्रिय हितका क्रियाकलापमा उपयोग गर्नेछ भन्ने अपेक्षा गरौँ।

बाह्य सम्बन्धमा गाँसिएर आउने राष्ट्रिय हित र लुकेर रहने रहस्यबीचको चाँजोपाँजो सर्वसाधारण नागरिकको पहुँचबाहिर रहने भए पनि यसको यथार्थ र नेतृत्वको व्यवस्थापकीय कौशल ढिलोचाँडो परिणामले उजागर हुने तथ्य बुभ्न जरुरी छ। आपसी समान हितमा लचकता र आफ्नो राष्ट्रिय स्वार्थमा अडान खोज्ने परराष्ट्र सम्बन्धको प्रक्रियामा रहस्यमयी व्यवहारले अनिश्चितता तथा असन्तुलन निम्त्याएर दुर्घटनाको जोखिम नबढाओस्। विदेशी कूटनीतिज्ञहरूसँगको शिष्टाचार भेटमा प्रोटोकलमा केही कमजोरी देखिए पनि प्रधानमन्त्रीको सामूहिक शिष्टाचार भेटले केही सकारात्मकताको सन्देश दिएको छ। विसं २०७७ सालमा जारी भएको आचारसंहिताको पालना भएमा संस्थागत सबलीकरण, पारदर्शिता र मर्यादा बढ्नेछ।

कूटनीतिमा द्विपक्षीय सम्बन्ध विस्तारले अग्रणी भूमिका खेल्छ। आशा गरौँ, सन्तुलित र गतिशील सम्बन्धको प्रारूपलाई १०० बुँदे कार्यसूचीले समेटेको अन्तरमन्त्रालय कार्यदलको प्रतिवेदनले द्विपक्षीय सम्बन्धलाई समेटोस्। बदलिँदो विश्व व्यवस्था, दक्षिण एसियाली राजनीति र शक्ति राष्ट्रहरूको आत्मकेन्द्रित क्रियाकलापबाट नेपाललाई पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायका बारेमा पनि कार्यदलले सुभाव प्रस्तुत गरोस्। राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा दलहरू, नागरिक समाज र विज्ञहरूको सुभाव समेटेर सरकारले परिमार्जन गरेमा जनविश्वास आर्जन गर्न र साभा धारणा बनाउन बल पुग्नेछ। कूटनीतिक पुनःसंरचना राष्ट्रिय हितलाई केन्द्रमा राखी निरन्तर चलिरहने प्रक्रिया हो र यस्तो प्रयासलाई स्वागत गर्नुपर्छ।

साभा राष्ट्रिय ऐक्यबद्धता, छिमेकी मुलुकहरूसँगको सीमा विवाद, तिब्बती शरणार्थी तथा ताइवानसँगको सम्बन्ध, तेस्रो मुलुकसँगको सुरक्षा सम्बन्ध र संयुक्त राष्ट्रसंघ तथा बहुपक्षीय संघसंस्थाहरूमा राष्ट्रिय स्वार्थका आधारमा सशक्त उपस्थिति जस्ता विषयमा नीति कार्यान्वयनमा सरकारको आगामी क्रियाकलापले वचनबद्धताको पालनबाट मात्र स्पष्ट हुनेछ। दुवै छिमेकी मुलुकसँगको सम्बन्ध पेचिलो बन्दै गएको वर्तमान परिप्रेक्ष्यमा 'बफर स्टेट' को स्वीकारोक्ति, 'एकपटकको नेपाली सधैँको नेपाली', 'नेपाल प्रथमः नेपाली प्रथम' जस्ता अवधारणाहरूको कार्यान्वयनको जटिल पाटोले थप स्पष्टता खोज्छ।

विश्व व्यवस्थामा आइरहेको परिवर्तन र त्यसबाट नेपाललाई पर्ने प्रभावबारे समीक्षा गर्दा आन्तरिक रूपमा बलियो सरकार भए पनि विद्यमान संवैधानिक व्यवस्था र विशेषतः छिमेकी मुलुकहरू तथा शक्ति राष्ट्रहरूको नेपालप्रतिको रवैयालाई बेवास्ता गर्न हुँदैन। परिवर्तनको प्रारूप, आधार र आयाम तय गरी त्यसबाट नेपालको राष्ट्रिय हितमा पर्न सक्ने प्रभावको विश्लेषण, भूराजनीतिक अवस्थिति, चुनौती तथा अवसर र आन्तरिक ऐक्यबद्धताको आधारमा स्वतन्त्र, स्वाधीन र सन्तुलित परराष्ट्र सम्बन्धको नीति तथा रणनीति सरकारले अवलम्बन गर्नुपर्छ। (लेखक पूर्व महालेखा परीक्षक हुन्।) बाह्रखरीबाट

# भुइँमा बसेर खाना खानु किन राम्रो ? पाचनदेखि जोर्नी समेतलाई फाइदा

**डा. विधाननिधि पौडेल**
पेट तथा कलेजोरोग विशेषज्ञ



हामीकहाँ भुइँमा पलेटी मारेर बसेर खाना खाने परम्परा पुरानै हो। धेरैले यसलाई संस्कार, अनुशासन वा पारिवारिक अभ्यासका रूपमा मात्र बुझ्छन्। तर शरीर विज्ञानको दृष्टिले हेर्दा यो बानी केवल परम्परा मात्र होइन, सचेत भोजन, राम्रो पाचन, सही आसन र जोर्नीको लचकता जोगाउने उपयोगी तरिका पनि हो। पछिल्ला अध्ययनहरूले भुइँमा बसेर खाना खाने अभ्यासले शरीरलाई शान्त अवस्थामा ल्याउन, खानामा ध्यान केन्द्रित गर्न र आवश्यकताभन्दा बढी खानबाट जोगाउन मद्दत गर्न सक्ने देखाएका छन्।

आजको व्यस्त जीवनशैलीमा धेरैजसो मानिस उभिएर, हिँड्दै वा मोबाइल हेर्दै हतारमा खाना खान्छन्। यसो गर्दा पेट भरिएको संकेत शरीरले ढिलो बुझ्न सक्छ, जसकारण बढी खाने, अपच, पेट फुल्ने र तौल बढ्ने समस्या देखिन सक्छ। यस्तो अवस्थामा भुइँमा शान्त भएर पलेटी मारेर बस्नु शरीरलाई स्वाभाविक रूपमा आराम र पाचनको अवस्थामा लैजान सहयोगी हुन्छ। यही कारणले पुरानो अभ्यासलाई आज विश्वले 'माइन्डफुल इटिङ'को आधुनिक नाम दिएको छ।

**१.पेट र मस्तिष्कबीच बलियो संकेत**

भुइँमा पलेटी मारेर बस्दा शरीर स्वाभाविक रूपमा शान्त हुन्छ। यसले शरीरको आराम र पाचन प्रणालीलाई सक्रिय गर्ने स्नायु प्रणालीलाई सहज बनाउँछ। मस्तिष्क र पेटबीच संकेत आदानप्रदान गर्ने मुख्य स्नायु सक्रिय हुँदा पेट भरिएको अनुभूति छिटो हुन्छ। त्यसैले, मानिसले आवश्यक मात्रामा मात्रै खान्छ र धेरै खाने सम्भावना घट्छ। यसलाई सरल रूपमा बुझ्दा, भुइँमा बसेर खानु भनेको शरीरलाई 'अब आरामसँग खाना पचाउने समय हो' भन्ने सन्देश दिनुजस्तै हो। यही कारणले यस्तो आसनमा खाना खाँदा स्वाद, गन्ध र पेट भरिएको संकेत बढी सजिलै महसुस हुन्छ।

**२.अगाडि झुक्ने सानो चालले पाचनलाई सहज**

भुइँमा बसेर खाना खाँदा हरेक गाँस लिन हल्का अगाडि झुक्नुपर्छ र फेरि सीधा बस्नुपर्छ। यो सानो र दोह्रोरिने चालले पेट वरिपरिका मांसपेशीलाई कोमल रूपमा चलायमान बनाउँछ। यसले पाचन प्रक्रियामा सहयोग पुऱ्याउन सक्छ। यद्यपि, यसलाई 'पेटको मसाज' भनेर अत्यधिक दाबी गर्नु वैज्ञानिक रूपमा पूर्ण प्रमाणित छैन, तर शरीरको शान्त आसन, ढिलो खाने बानी र ध्यानपूर्वक चपाउने प्रक्रियाले पाचन रसको कामलाई सहज बनाउने कुरा व्यावहारिक रूपमा स्वीकार्य छ। ढिलो र सचेत रूपमा खाएको खाना सामान्यतया छिटो र आरामसँग पच्छ।

**३.धेरै खानबाट जोगाउँछ**

कुर्सीमा बसेर टेलिभिजन, मोबाइल वा काम गर्दै खाना खाने बानीले ध्यान खानामा कम जान्छ। यसले पेट भरिएको महसुस ढिलो गराउँछ। तर भुइँमा पलेटी मारेर बस्दा शरीरको ध्यान स्वाभाविक रूपमा भोजनतर्फ जान्छ। परिवारसँग बसेर, शान्त भएर, बिस्तारै चपाएर खाने संस्कारले आवश्यकताभन्दा बढी क्यालोरी सेवन कम गर्न मद्दत गर्छ। यही कारणले तौल नियन्त्रण गर्न खोज्ने व्यक्तिका लागि पनि यो बानी उपयोगी हुन सक्छ।

**४.जोर्नी, कम्मर र मेरुदण्डका लागि उपयोगी**

भुइँमा पलेटी मारेर बस्दा नितम्बको जोर्नी, घुँडाको जोर्नी, खुट्टाको गोलीगाँठो र कम्मरका जोर्नीहरू स्वाभाविक रूपमा मोडिन्छन्। यसले ती जोर्नीलाई नियमित चलायमान राख्छ। दैनिक यस्तो आसनमा केही समय बस्ने बानीले लचकता कायम राख्न र उमेरसँगै आउने कडापन कम गर्न सहयोग पुऱ्याउन सक्छ। यस्तै, भुइँबाट उठ्ने र फेरि बस्ने क्रियाले खुट्टा, पेट र कम्मरका मांसपेशीलाई पनि सक्रिय राख्छ। फिजिकल थेरापीमा भुइँबाट सजिलै उठ्न सक्ने क्षमता समग्र शारीरिक सन्तुलन र बलसँग जोडेर हेरिन्छ।

**५.सही आसनले सास फेर्न र पाचन दुवैलाई मद्दत**

पलेटी मारेर बस्दा मानिस स्वाभाविक रूपमा ढाड सीधा राख्न खोज्छ। ढाड सीधा हुँदा छाती खुला हुन्छ, फोक्सोले सजिलै सास फेर्न पाउँछ र पेटमा अनावश्यक दबाब कम पर्छ। यसले खाना खाइसकेपछि हुने भारीपन, अम्लपित्त कम गर्न सक्छ। पेट ढुस्स भएको महसुस हुने समस्या कम गर्छ। सही आसनमा खाना खानु केवल पाचनका लागि मात्र होइन, कम्मर दुखाइ र झुकेको शरीरको बानी कम गर्न पनि उपयोगी हुन्छ।

**६.मानसिक शान्ति र परिवारसँगको सम्बन्ध सुमधुर**

भुइँमा बसेर खाना खाने परम्पराको अर्को सुन्दर पक्ष भनेको यसले परिवारलाई एउटै ठाउँमा जोड्नु हो। सबैजना एउटै लहरमा बसेर खाना खाँदा कुराकानी, सँगै समय बिताउने अवसर र खानाप्रति सम्मानको भावना बढ्छ। मानसिक रूपमा शान्त भएर, हतार नगरी, मोबाइलबाट टाढा बसेर खाने बानीले शरीरमा तनाव हर्मोन कम गर्न मद्दत गर्छ। तनाव कम हुँदा पाचन पनि सहज हुन्छ। यही कारणले आधुनिक स्वास्थ्य विज्ञानले पनि ध्यानपूर्वक खाने बानीलाई राम्रो स्वास्थ्यसँग जोडेर हेर्छ।

**कसले सावधानी अपनाउने ?**

यद्यपि, यो बानी धेरैका लागि राम्रो छ, सबैका लागि समान रूपमा सहज नहुन सक्छ। घुँडा दुख्ने, नितम्बसँग जोडिएका जोर्नी कडा हुने, मेरुदण्डको समस्या हुने, धेरै मोटोपन भएका वा वृद्ध व्यक्तिलाई लामो समय यसरी बस्न गाह्रो हुन सक्छ। यस्तो अवस्थामा सानो तकिया, कम उचाइको आसन वा पिढ्यूँलाई सहारा दिएर बस्न सकिन्छ। जबरजस्ती लामो समय एउटै आसनमा बस्नु भने उचित हुँदैन।

# 'सिँचाइ व्यवस्था गरी कृषि उत्पादन बढाउने प्राथमिकता'



सप्तरी, ९ वैशाख। सप्तरी कञ्चनरूप नगरपालिका–८ का खगेन्द्र कर्ण राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिकतर्फ प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको छ। एक साधारण परिवारबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएपछि विकासनिर्माणको काम हुने आसमा क्षेत्रवासी छन्। उहाँको घर सप्तरी–१ मा रहेको छ। सांसद कर्णले आफ्नो क्षेत्रमा रहेको सिँचाइको अभावलाई समाधान गरी कृषि उत्पादनमा वृद्धि गराउने आफ्नो लक्ष्य रहेको बताउनुभयो।

उहाँले गोरखापत्रसँगको कुराकानीमा भन्नुभयो, "हाम्रो क्षेत्रमा किसानको संख्या बढी भए पनि खेतमा सिँचाइ नपुग्दा खेतीपाती गर्न असहज हुँदै आएको छ। खेतमा सिँचाइ पुऱ्याएर किसानलाई समृद्ध बनाई कृषि उत्पादन बढाउने कामलाई प्राथमिकतामा राखेर काम गर्ने छु।" नेपाल विद्यार्थी संघपछि नेपाली कांग्रेसको भ्रातृ संगठन तरुण दलको केन्द्रीय सदस्य हुँदै महाधिवेशन प्रतिनिधि रहेकै बेलामा जेनजी आन्दोलनपछि रास्वपामा प्रवेश गर्नुभएका प्रतिनिधि सभा सदस्य कर्णले कृषि क्षेत्र अन्तर्गत सिँचाइलाई प्राथमिकतामा राख्नुका साथै अयोध्या जनकपुर रेलवे लाइनको विकास गर्ने पनि आफ्नो लक्ष्य रहेको बताउनुभयो।

२०६१ को प्रतिगमनविरुद्धको आन्दोलनबाट राजनीतिमा होमिनुभएका उहाँ त्यतिबेला एक्मी इन्जिनियरिङ कलेज काठमाडौंमा अध्ययनरत हुनुहुथ्यो। उहाँले भन्नुभयो, "२०६१ मा प्रतिगमनविरुद्ध एक्मी इन्जिनियरिङ कलेज पढ्दै गर्दा नेपाल विद्यार्थी संघबाट राजनीतिको सुरुवात गरेका थिएँ।" उहाँले शिक्षा र स्वास्थ्यमा व्यापक सुधारको आवश्यकता रहेको बताउँदै सप्तरीको क्षेत्र नम्बर १ का आमजनता कोशी वन्यजन्तु आरक्षबाट निस्किने जङ्गली हात्ती, अर्नालगायतका जनावरबाट जनधनको क्षति बेहोर्दै आएकाले त्यसतर्फ पनि आफूले सरकार तथा सदनसमक्ष जनताको आवाज पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो।

उहाँले भन्नुभयो, "म बसोबास गरेको क्षेत्रमा बर्सेनि जनता कोशी वन्यजन्तु आरक्षबाट निस्किने जंगली हात्ती, अर्नाले किसानको धानबाली नष्ट गर्दै आएको, घरमा प्रवेश गरी घर भत्काउनुका साथै ज्यानसमेत लिने गरेकाले यसको स्थायी समाधानका लागि सरकारले ठोस नीति अगाडि सार्नुपर्ने र त्यसका लागि महिले पहल गर्छु।" सामान्य परिवारमा जन्मिनुभएका प्रतिनिधि सभा सदस्य ४४ वर्षीय कर्ण राजनीतिमा लाग्ने उहाँको परिवारबाट पहिलो व्यक्ति हुनुहुन्छ। कञ्चनरूपमै उहाँका बुवा भूपेन्द्रनाराण कर्णले पुस्तक पसल गरेर इन्जियरिङसम्म पढाउनुभएको हो।

उहाँ भन्नुहुन्छ, "म एउटा सामान्य परिवारबाट राजनीतिमा आएको हुँ, पिताजीले पुस्तक पसल सञ्चालन गरेर एकदमै न्यून खर्च दिनु हुन्थ्यो जसले पूरा महिना धान्न पनि धौ धौ पर्थ्यो।" उहाँले पुरानो दिन सम्झिँदै भन्नुभयो, "म अहिले पनि सामान्य रूपमा जीवन बिताउँदै आएको छु।" आफू समानुपातिकतर्फको सांसद भएकोले राष्ट्रिय रूपमा पनि केही महत्वपूर्ण योजना लागु गराउने आफ्नो जिम्मेवारी रहेको बताउनुभयो। उहाँले नेपाल सरकारका सबै सरकारी कार्यालय ग्रिन इनर्जी (सोलारबाट) सञ्चालन हुनुपर्ने आफ्नो एजेन्डामा रहेको बताउनुभयो। यसले खर्चमा मितव्ययिता कायम हुने र सरकारी कार्यालय सञ्चालनमा अहिले खर्च भइरहेको विद्युत् बेचेर देशलाई आर्थिक समृद्धितर्फ लैजाने विश्वास व्यक्त गर्नुभयो।

# मधेश प्रदेशमा धान उत्पादन विस्तार गर्ने तयारीमा आरजु राइस मिल

काठमाडौं, ९ वैशाख। आरजु राइस मिलले आफ्नो उत्पादन क्षेत्र विस्तार गर्दै मधेश प्रदेशमा पनि धान उत्पादन सुरू गर्ने सम्भावनाबारे छलफल अघि बढाएको छ। यसअघि मोरङ, सुनसरी र झापामा किसानसँग सहकार्य गर्दै आएको कम्पनीले अब मधेशमा पनि सोही मोडल लागु गर्ने तयारी गरेको हो। आरजु राइस मिलका महाप्रबन्धक विवेकानन्द झाले मधेश प्रदेश सरकारसँग प्रारम्भिक छलफल भइसकेको जानकारी दिए। 'हाल हामीले मोरङ, सुनसरी र झापामा किसानसँग सहकार्य गरेर धान उत्पादन गरिरहेका छौं। मधेश प्रदेशले पनि त्यसमा चासो देखाएकाले त्यहाँ पनि उत्पादन विस्तार गर्ने विषयमा छलफल भएको हो,' उनले भने।

उनका अनुसार कम्पनीले किसानलाई धान रोप्नुअघि नै न्यूनतम समर्थन मूल्य निर्धारण गरिदिन्छ। सहकार्य गर्ने किसानले धान काटेर मिलमा ल्याएको २४ घण्टाभित्रै भुक्तानी हुने भएकाले यही मोडल प्रभावकारी देखिएकाले मधेश प्रदेशका मुख्यमन्त्रीसहितका प्रतिनिधि टोलीले स्थलगत अवलोकनसमेत गरेका थिए। सोही मोडलबाट प्रभावित भई मधेश प्रदेश सरकारले आफ्नो क्षेत्रमा पनि कार्यक्रम सुरू गर्न आग्रह गरेको उनले बताए। 'उहाँहरूले हाम्रो प्रदेशमा पनि यो प्रणाली लागु गरिदिन आग्रह गर्नुभएको छ, त्यसकै आधारमा आज मुख्यमन्त्री, अर्थ तथा उद्योग मन्त्री र संघीय सांसदसँग प्रारम्भिक छलफल भएको छ,' झाले भने।

प्रस्तावित मोडलअनुसार परियोजनाको नेतृत्व तथा व्यवस्थापन कम्पनीले गर्नेछ भने लगानीमा किसानको प्रमुख भूमिका रहनेछ। कुल लगानीमध्ये ७५ प्रतिशत किसानले र बाँकी २५ प्रतिशत कम्पनी, अन्य उद्योगी व्यवसायी तथा संघसंस्थाले गर्ने प्रस्ताव छ। किसानले ऋण लिएर लगानी गर्ने भएकाले त्यसको ब्याजमा मधेश प्रदेश सरकारले अनुदान दिने प्रतिबद्धता जनाएको समेत उनले बताए। यस परियोजनाले मधेश प्रदेशमा कृषिमा आधारित उद्योग विस्तार, किसानको आम्दानी वृद्धि तथा बजार सुनिश्चिततामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# हुकिङ लगाएर चलाइएका विद्युतीय उपकरण बरामद

**जनार्जन खत्री**

सर्लाही, ९ वैशाख। नेपाल विद्युत् प्राधिकरणको मलंगवा वितरण केन्द्रले विद्युत चुहावट नियन्त्रण अभियानलाई जारी राखेको छ। अभियान अन्तर्गत मंगलबार जिल्लाको दक्षिण–पश्चिम भेगका आधा दर्जन बढी गाउँबाट विद्युत् चोरी गरी अर्थात हुकिङ लगाएर चलाइएका विद्युतीय उपकरण बरामद गरिएको वितरण केन्द्र प्रमुख माधवेन्द्र यादवले जानकारी दिनुभयो।

यादवका अनुसार विद्युत् चुहावट नियन्त्रण टोलीले सिसौट, बेल्वा, गोडैता, बकैनिया, रोहुवा, भवतीपुर, सोनारटोल, बहादुरपुर लगायत गाउँमा डाइरेक्ट हुकिङ लगाएर सञ्चालन गरिएको उपकरणहरू बरामद गरेको हो। बरामद गरिएको उपकरणहरूमा ११ थान मोटर, एक थान पङ्खा र एक थान भाइब्रेटर मेसिन रहेका छन्। मलंगवा वितरण केन्द्रले दक्षिण–पूर्वी भेगमा हुकिङ नियन्त्रण अभियान सकेर पश्चिमतर्फको गाउँहरूमा अभियान सञ्चालन गर्न सुरु गरेको वितरण केन्द्र प्रमुख यादवले बताउनुभयो।

मलंगवा वितरण केन्द्रमा अहिले पनि ४५ प्रतिशत विद्युत् चुहावट रहेको छ। चुहावट नियन्त्रण अभियान अन्तर्गत पाँच महिनाको अवधिमा ३५ जना ग्राहकको लाइन काटिएकोमा २२ जना मात्र सम्पर्कमा आएर नियम अनुसार लाइन जोडे पनि अन्य ग्राहक सम्पर्कमै आएका छैनन्। ग्राहकसहित २०७५ देखि २०८० सालसम्म विद्युत् महशुल नबुझाएका र सम्पर्कमा पनि नआएका एक हजार ८०० ग्राहकको अवस्था बुझ्न बेग्लै टोली परिचालन गरिएको वितरण केन्द्र प्रमुख यादवले बताउनुभएको छ।

# मधेशमा बालमृत्यु र कुपोषण उच्च, स्वास्थ्य बीमा र शिक्षामा पहुँच अझै कमजोर




धनुषा, ९ वैशाख। मधेश प्रदेशमा बालमृत्यु, कुपोषण, किशोरी प्रजनन दर र विद्यालयबाहिर रहेका बालबालिकाको अवस्था राष्ट्रिय औसतभन्दा चिन्ताजनक रहेको देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार जनकपुरमा सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रदेशस्तरीय नतिजाले यस्तो देखाएको हो। प्रतिवेदन अनुसार मधेशमा नवजात शिशु मृत्युदर प्रतिहजार जन्ममा २० र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर ३३ रहेको छ।

मधेशमा कुपोषणको अवस्था पनि गम्भीर छ। उमेर अनुसार तौल कम भएका बालबालिका २३ दशमलव २ प्रतिशत र उचाइ कम भएका ३१ दशमलव १ प्रतिशत रहेका छन्। शिक्षा क्षेत्रमा पनि चुनौती देखिएको छ। कक्षा १ देखि ५ मा ९ दशमलव २ प्रतिशत, कक्षा ६ देखि ८ मा ८ दशमलव २ प्रतिशत र कक्षा ९ देखि १२ मा २२ दशमलव ६ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेका छन्। प्रारम्भिक बाल शिक्षामा सहभागिता दर जम्मा २६ दशमलव ३ प्रतिशत मात्र छ।

प्रतिवेदनअनुसार स्वास्थ्य सेवामा पनि कमजोरी देखिन्छ। ७० दशमलव ४ प्रतिशत महिलाले मात्र सिफारिशअनुसार ४ पटक पूर्वप्रसूति जाँच गराएका छन्। स्वास्थ्य बीमाको दर महिलामा ६ दशलमव ६ र पुरुषमा ३ दशमलव ९ प्रतिशत मात्र रहेको छ। केही सकारात्मक पक्षमा ९८ दशमलव ५ प्रतिशत घरपरिवारमा विद्युत् पहुँच, ९४ दशमलव ७ प्रतिशतमा टेलिफोन र ७८ दशमलव ९ प्रतिशतले इन्टरनेट उपकरण प्रयोग गरिरहेका छन्।

९९ प्रतिशत घरपरिवारले सुधारिएको खानेपानी स्रोत प्रयोग गरे पनि ६५ प्रतिशत पानीमा इ-कोली जीवाणु भेटिनु गम्भीर चिन्ताको विषय रहेको प्रतिवेदनले देखाएको छ।

# आफूलाई अभियन्ता बताउने राजु जयसवाल पक्राउ

सप्तरी, ९ वैशाख। आफूलाई भ्रष्टाचारी विरोधी अभियन्ता बताउने सप्तरीको रुपनी गाउँपालिका- १ का राजु भनिने किरणकुमार जयसवाल पक्राउ परेका छन्। सामाजिक सञ्जालमार्फत जयसवालले आफू विरुद्ध भ्रम फैलाएको भन्दै रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले प्रहरीमा उजुरी दिएका थिए। सोही उजुरीको आधारमा जयसवाललाई बुधबार सप्तरी प्रहरीले नियन्त्रणमा लिएको हो। इलाका प्रहरी कार्यालय रुपनीले गत मंगलबार पत्र थमाउँदै जयसवाललाई जिल्ला प्रहरी कार्यालयमा उपस्थित हुन भनेको थियो। बुधबार दिउँसो जिल्ला प्रहरी कार्यालय पुगेका जयसवाललाई प्रहरीले नियन्त्रणमा लिएको हो।

जयसवाल विरुद्ध विद्युतीय कारोबार ऐन २०६३ विरुद्ध कसुर गरेको अभियोगमा ५ दिनको म्याद लिई अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले जानकारी दिए। पछिल्लो समय जयसवालले सप्तरीको रुपनी गाउँपालिका-१ की वडाध्यक्ष लीला यादवमाथि घर भएको जग्गालाई 'घरधुरी नभएको' भन्दै झुटो सिफारिस गरेर राजस्व छली गरेको भन्दै उनी विरूद्ध आवाज उठाउँदै आइरहेका थिए।

### *विवादित भूमिका ...*

केही दिनअघि उनले सम्पत्ति विवरण सार्वजनिक गरेका थिए। त्यो सम्पत्ति विवरण नै अस्वाभाविक रहेको भन्दै प्रश्न उठिरहेको बेलामा उनले माइक्रो इन्स्योरेन्स लगायतमा गरेको अर्को लगानीको विवरण पनि बाहिर आयो। उनले सञ्चालन गरेको सामाजिक संस्था हामी नेपालमा आएको सहयोग रकम पनि व्यक्तिगत खाता मार्फत् कारोबार गर्ने गरेको लगायतका विषय बाहिरिएपछि गुरुङलाई पदबाट बाहिरिनका लागि सर्वत्र दबाब परेको थियो। त्यही दबाबमा बीच उनले बुधबार पदबाट राजीनामा दिएका हुन्।

# पत्रकार महासंघ सप्तरीमा धर्ना

बेथिति, मनोमानी र अपारदर्शी कामकाज भइरहेको भन्दै पत्रकार महासंघ जिल्ला सहसचिव कृष्णकुमार मण्डलले धर्ना सुरु गरेका हुन्। मण्डलले ८ बुँदे माग अघि सार्दै महासंघको मूलगेटमा धर्ना सुरु गरेका छन्।




**विद्यानन्द राम**

राजविराज, ९ वैशाख। नेपाल पत्रकार महासंघ शाखा सप्तरीमा बेथिति, मनोमानी र अपारदर्शी कामकाज भइरहेको भन्दै जिल्ला सहसचिव कृष्णकुमार मण्डलले धर्ना सुरु गरेका छन्। बुधबारबाट मण्डलले ८ बुँदे माग अघि सार्दै महासंघको मूलगेटमा धर्ना सुरु गरेका हुन्। कार्यसमितिका सचिवले केही महिनाअघि नै राजिनामा दिइसकेको मण्डलले बताए। तर, महासंघमा 'सिण्डीकेट' चलाउनका लागि उनको राजिनामा स्वीकृत नगरेको मण्डलको आरोप छ। सचिव पदसम्बन्धी अन्योल तत्काल अन्त्य गरी औपचारिक निर्णय सार्वजनिक हुनुपर्ने, नयाँ सदस्यता तत्काल पारदर्शी, निष्पक्ष र मापदण्डअनुसार वितरण हुनुपर्ने, सल्लाहकारहरूको नाम आधिकारिक रूपमा बोर्डमा समावेश हुनुपर्ने उनले माग अघि सारेका छन्।

नेतृत्वले गरिरहेको मनोमानी कार्यको विरोध गर्दा आफूलाई सहसचिवको हैसियतमा कार्यसमिति बैठकमा सहभागी हुनबाट वञ्चित गरिएको पनि उनले आरोप लगाएका छन्। पत्रकारहरूको हकहित, सुरक्षा र क्षमता विकासका ठोस कार्यक्रम सञ्चालन हुनुपर्ने, आर्थिक गतिविधि, आयव्यय तथा सम्पूर्ण निर्णय सार्वजनिक हुनुपर्ने, साधारणसभा तथा सदस्यता नवीकरण नियमित रूपमा हुनुपर्ने उनको माग छ। नेतृत्वका कमजोरीबारे स्पष्ट सार्वजनिक जवाफ दिनुपर्ने र विधानको अक्षरशः पालना हुनुपर्ने सहसचिव मण्डलले माग गरेका छन्। आफ्नो माग सुनुवाइ नभएसम्म धर्ना कार्यक्रम जारी राख्ने उनको भनाइ छ। अध्यक्ष श्रवणकुमार देवले ती विषयमा छलफल भइरहेको बताए। 'तीसहित अन्य विषयमा हाम्रो छलफल जारी छ,' उनले भने।

# भर्ना अभियानअघि अभिभावकसँग सुझाव संकलन

**जीवछ यादव**

लहान, ९ वैशाख। लहान नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरू विद्यालय क्षेत्रभित्रका विद्यार्थीका अभिभावकलाई घरमै भेटेर गुनासो सुन्ने तथा विद्यालयमा शैक्षिक सुधार गर्ने उद्देश्यले यतिबेला घरदैलो अभियानमा जुटेका छन्। लहान नगरपालिका वडा नं. १० स्थित श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक देवनलाल ठाकुरको अगुवाइमा वैशाख ८ गतेदेखि अभिभावकसँग भेटघाट गरी शैक्षिक अवस्था सुदृढ बनाउन यस शैक्षिक सत्रदेखि यो अभ्यास थालिएको उक्त विद्यालयकी शिक्षिका कञ्चना साहले बताउनुभयो। उहाँका अनुसार शैक्षिक सत्रको सुरुदेखि नै शिक्षक-अभिभावक सबै मिलेर वैशाख १५ गतेदेखि हुने भर्ना अभियानलाई प्रभावकारी बनाउन घरदैलोमा जुटिएको हो।



अभिभावकहरूसँग घरमै भेटेर गुनासो सुन्ने कार्यक्रमबाट आफूहरू खुसी भएको स्थानीय जुगेश्वर पासवानले बताउनुभयो। उहाँले भन्नुभयो, "सामुदायिक विद्यालयको सुधार शिक्षक र अभिभावकको संयुक्त प्रयासबाट सम्भव हुने भएकाले यो प्रयास यसपटक सुरु गरिएको हो। यसलाई निरन्तरता दिन आवश्यक छ।" घरदैलो कार्यक्रममा अभिभावकहरूले नियमित गृहकार्य दिनुपर्ने, गृहकार्य जाँच गर्नुपर्ने, अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्नुपर्ने तथा निरन्तर शिक्षक-अभिभावकबिच अन्तरक्रिया गर्न अभिभावक भेला आयोजना गर्नुपर्ने सुझावहरू दिएका छन्। उक्त सुझावहरू संकलन गरिएको प्रधानाध्यापक ठाकुरले जानकारी दिनुभयो।

वैशाख १५ गतेदेखि सुरु हुने बृहत् विद्यार्थी भर्ना अभियान औपचारिक रूपमा सुरु गर्नुअघि घरदैलोमार्फत अभिभावकका गुनासो सुन्ने र सल्लाह-सुझाव लिने काम विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघलगायत सरोकारवालाहरू मिलेर गरिएको लहान नगरपालिका शिक्षा संयोजक तथा नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो।

सतप्रतिशत विपन्न र दलित समुदायका बालबालिका अध्ययन गर्ने सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा नहुँदा वर्षेनि मोटो रकम तिरेर संस्थागत विद्यालयमा पढाउनुपर्ने बाध्यता रहेको भन्दै त्यसको अन्त्य भए ठूलो राहत हुने स्थानीय दलित अगुवा नथुनो पासवानले बताउनुभयो। उहाँले थप्नुभयो, "सामुदायिक र संस्थागत विद्यालयका पाठ्यपुस्तकमा समेत एकरूपता हुन आवश्यक छ।" लहान नगरपालिकाका ५९ वटै सामुदायिक विद्यालयहरू यतिबेला वैशाख १५ गतेदेखि सुरु हुने भर्ना अभियानअगावै अभिभावकको घरदैलोमा पुगेर आवश्यक सुधारका काममा जुटिरहेको लहान नगरपालिका शिक्षा शाखा प्रमुख अमिरी यादवले बताउनुभयो।

# यातायात कार्यालयबाट एक बिचौलिया पक्राउ

**प्रवीणकुमार शर्मा**

रौतहट, ९ वैशाख। रौतहट सदरमुकाम गौरस्थित यातायात व्यवस्था कार्यालयबाट बुधबार एक बिचौलिया पक्राउ परेको छ। पक्राउ पर्नेमा गौर नगरपालिका-५, दोस्तिया टोलका ४० वर्षीय लक्ष्मीकुमार केशरी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। गौर नगरपालिका-३ स्थित यातायात व्यवस्था कार्यालय रौतहट परिसर भित्र सेवाग्राहीलाई विभिन्न प्रलोभन देखाउँदै अवैध रूपमा रकम असुल गर्नमा सक्रिय रहेको अवस्थामा केशरीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिनुभयो।

सेवाग्राहीका कागजात बोकी फोटो खिचाउने, सवारी चालक अनुमति पत्र (लाइसेन्स) छिटो बनाइदिने भन्दै बिचौलिया केशरीले अनावश्यक दुःख दिने र आर्थिक लाभ लिन खोजेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रवक्ता बस्यालले बताउनुभयो।

### *हावाहुरी प्रभावित...*

योजनामा छौँ,' उनले भने। हावाहुरीले लहान २४ मा सात र १९ मा एक घरमा क्षति पुगेको थियो। जिल्लाकै सखुवानन्कारकट्टी गाउँपालिका-२, मक्रमपुरमा घरको पर्खाल भत्किँदा करिब ६० वर्षीया किसुनवती यादवको मृत्यु भएको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)